गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय,सर्लाही

(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.सं. : ०७७/०७८
च.नं. : ९४५१

मिति : २०७८/०१/०३

**विषयः जानकारी सम्बन्धमा ।**

श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
गृह मन्त्रालय, सिंहदरवार ।

श्री योजना अनुगमन तथा मूल्याङ्कन शाखा,
गृह मन्त्रालय, सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७७/११/२३ गतेदेखि मिति २०७७/१२/३१ गतेसम्म भए/गरिएका उल्लेखनीय कार्यहरूको विवरण समेटिएको २६ पाने **जिल्ला प्रशासन कार्यालय, सर्लाहीको उल्लेखनीय कार्यहरूको प्रतिवेदन, २०७७** नामक प्रतिवेदन जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

<u>सादर अवगतार्थ</u>

श्री माननीय गृहमन्त्रीज्यू,
गृह मन्त्रालय, सिंहदरवार ।

श्रीमान् गृहसचिवज्यू,
गृह मन्त्रालय, सिंहदरवार ।



Scanned with CamScanner

# जिल्ला प्रशासनका कार्यालय, सर्लाहीको
# उल्लेखनीय कार्यहरुको प्रतिवेदन, २०७७

(प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङ हाजिर हुनु भएको मिति २०७७/११/२३ गतेदेखि २०७७/१२/३१ गतेसम्मको अवधिमा आधारित)

**प्रतिवेदक**

जिल्ला प्रशासन कार्यालय, सर्लाही

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

# नेपाल सरकार,
# गृह मन्त्रालय,
# जिल्ला प्रशासन कार्यालय, सर्लाही

## प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङ हाजिर हुनुभएको मिति २०७७/११/२३ देखि २०७७/१२/३१ गतेसम्मको ३८ दिने अवधिमा अर्थात् २०७७ फाल्गुण र चैत्र महिनामा भएका

## उल्लेखनीय कार्यहरुको सूची

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १. | चन्द्रनगर गाउँपालिकाको झडव, तालबन्दी तथा धर्नाको सम्बोधन सम्बन्धमा । | २०७७/११/२४ र २०७७/१२/०१ | अश्रुग्याँस प्रहार समेत गर्नु परेको तथा शान्ति सुरक्षामा चुनौति बन्न पुगेको चन्द्रनगर गाउँकार्यपालिकाको कार्यालय स्थानान्तरण गर्ने विषयलाई लिएर सुरू भएको झडप, तालाबन्दी र धर्नाको सम्बन्धमा २०७७/११/२४ गते सुरक्षा बैठक आयोजना गरी यथाशिघ्र तालाबन्दी, धर्ना तोड्ने र समस्याको समाधान गर्ने निर्णय भएको ।<br>सरोकारित पक्ष तथा जिसस प्रमुखसमेतको सहभागितामा मिति २०७७/१२/०१ गते आइतबार ११:०० बजे जिल्ला प्रशासन कार्यालयमा फाइनल बैठक आयोजना गरी समस्या समाधान गरिएको ।<br>साथै, उपरान्त कुनै पनि कार्यालयमा तालाबन्दी/धर्ना हुन नदिने; राष्ट्रिय अनुसन्धानका जिल्ला प्रमुख र जिल्ला प्रहरी प्रमुखलाई सो सम्बन्धमा सूचना सङ्कलन गर्ने; तालाबन्दी/धर्ना भएकोमा तत्काल सम्बन्धित पक्षलाई सम्झाईबुझाई गर्ने र त्यसो गर्दा पनि नमान्नेलाई तुरून्त नियन्त्रणमा लिई कानूनबमोजिम कारवाही गर्न स्पष्ट निर्देशन दिनुभएको । |
| २. | जुवातास खेल्न निरूत्साहन तथा कारवाहीको सम्बन्धमा । | २०७७/११/२४ | लालबन्दी नगरपालिकाको तरकारी बजारबाट इलाका प्रहरी कार्यालय, लालबन्दीमार्फत १३ जना जुवा खेल्ने व्यक्तिलाई नगद रू. सहित् पक्राउ गरिएकोमा उक्त नगरपालिकाका प्रमुख/उपप्रमुख तथा विभिन्न राजनीतिक दलले दवाव दिई म्याद थप गर्न नदिने भनी इलाका प्रहरी घेराउ गर्न खोजिएकोमा प्रजिअज्यूले प्रहरीमार्फत बल प्रयोग गरेर भए पनि ल्याउनू भनी आदेश गरी म्याद थप गरेर मुद्दाको प्रक्रिया अघि बढाउनु भई जुवातास खेल्न निरूत्साहन गर्नुभएको ।<br>*जुवातास खेलेमा कारवाही हुन्छ* भन्ने सन्देश प्रवाहभएको । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्गवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३. | उखु किसान र चिनी मिलसम्बन्धी भुक्तानी विवाद आउन नदिने व्यवस्था सम्बन्धमा । | २०७७/११/२५ | उखु किसान र चिनी मिलको भुक्तानीको सम्बन्धमा यस अघि पनि प्रशस्तै कार्यहरू भएकोमा पछिल्लो समयमा महालक्ष्मी चिनी मिलले गर्नुपर्ने बाँकी भुक्तानी गर्न ढिलाई गरिरहेको भन्ने जानकारी प्राप्त हुन आएकोले सम्भावित विवाद र आन्दोलनको स्थिति आउन नदिन श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले जिल्ला प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षकज्यूलाई स्पष्ट निर्देश दिनु भई उद्योगपतिलाई तुरुन्त बाँकी भुक्तानी गर्न निर्देशन दिनु भएको । |
| ४. | कोभिड १९ खोप अभियानमा न्यून सहभागितासम्बन्धी समस्यालाई सम्बोधन गर्न बैठक आयोजना सम्बन्धमा । | २०७७/११/२५ | सर्लाही जिल्लामा कोभिड १९ विरूद्धको खोप अभियानको दोस्रो चरणमा कमजोर सहभागिता भएको जानकारी जनस्वास्थ्य कार्यालय, सर्लाहीबाट प्राप्त भएपछि सरकारको लक्ष्य अनुरूप कूल जनसंख्याको ८०% लाई खोप लगाइनुपर्ने मान्यतालाई साकार बनाउन मिति २०७७/११/२५ गते खोप अनुगमन तथा समन्वय समितिको बैठक आयोजना गरिएको । खोप अभियानमा सहभागी हुन जनस्वास्थ्य कार्यालयले टोलटोलमा माइकिङ गरी खोप बारे भ्रम हटाउन जनचेतना जगाउने; २०७७/१२/०१ र ०२ गते खोप लगाउन बाँकी रहेका सबै कार्यालयका प्रमुख तथा कर्मचारीहरूलाई खोप अभियानमा सहभागी हुन पत्राचार एवम् सूचना प्रवाह गर्ने र खोप केन्द्रमा खोप लगाउन कठिन पहुँच हुने अपाङ्गता भएका व्यक्ति/वृद्धवृद्धा र विपन्न नागरिकलाई सम्बन्धित स्थानीय तहले यातायात सुविधाको प्रबन्ध गर्ने निर्णय गरी खोप संख्यालाई वृद्धि गर्ने वातावरण सिर्जना गरिएको । |
| ५. | जिल्ला प्रहरी कार्यालयको निरीक्षण तथा प्रहरी कर्मचारीको मनोबल उच्च बनाउने सम्बन्धमा । | २०७७/११/२६ | जिल्ला प्रहरी कार्यालय, सर्लाहीको स्थलगत निरीक्षण गर्नुभएको । अपराध अनुसन्धान, अभिलेख व्यवस्थापन, कस्टडी, हातहतियार भण्डार, जिन्सी, विपद् सामग्री, पेरिमिट डिउटी, सरसफाई, जनशक्ति व्यवस्थापन लगायतका विषयमा निरीक्षण भएको । सम्पूर्ण प्रहरी कर्मचारीलाई निष्ठावान, व्यावसायिक, कर्मठ, सदाचारयुक्त, स्वतःस्फूर्त रूपले कार्य गर्न निर्देशन दिनु भएको । श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट राष्ट्र सेवामा पूर्ण समर्पित भई कार्य गर्न, उत्कृष्टलाई पुरस्कृत र गलत गर्नेलाई दण्डको भागीदार बनाउन निर्देशन भएको साथै, उत्कृष्ट प्रहरी कर्मचारी र प्रहरी युनिटलाई अझ हौसला र मनोबल उच्च बनाउन बेष्ट पुलिस अफ द मन्थ र बेष्ट युनिट अफ द मन्थको व्यवस्था लागू गर्न निर्देशन दिनु भएको । बाँयातर्फ प्रहरी उपरीक्षक र दाँयातर्फ प्रमुख जिल्ला अधिकारी हस्ताक्षर राखी बेष्ट पुलिस र बेष्ट युनिट अफ द मन्थलाई प्रशंसापत्र वा कदरपत्र प्रदान गर्ने व्यवस्थाका लागि निर्देशन भएको । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मलङ्गवा, सर्लाही

| क्र.सं. | उल्लेखनीय कार्यहरू | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ६. | **भ्रष्टाचार तथा अनियमितता नियन्त्रण सम्बन्धमा ।** | २०७७/११/२६ | भ्रष्टाचार र अनियमितता नियन्त्रण सम्बन्धमा सम्बन्धित निकायहरूसँग सत्यतथ्य बुझी यकिन गरी कानून विपरीत गरेको पाइएमा सम्लग्न पक्षलाई कानूनी दायरामा ल्याई कारवाही हुन भनी गृह मन्त्रालय, शा.सु. तथा अ.नि. शाखाबाट आवश्यक कारवाही गर्ने सम्बन्धमा प्राप्त च.नं. २६३२ र मिति २०७७/११/१४; च.नं. २६३४ र मिति २०७७/११/१४; च.नं. २६५८ र मिति २०७७/११/१७; च.नं. २७०३ र मिति २०७७/११/२२; २७०४ र मिति २०७७/११/२२ तथा च.नं. २७११ मिति २०७७/११/२२ गतेको पत्रबाट आदेश भई आएकोमा आवश्यक कारवाहीका लागि समयावधि तोकी जिल्ला प्रशासन कार्यालयलाई खुलाई पठाउन तथा सम्लग्न कर्मचारीलाई कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाइएको ।<br><br>साथै, तोकिएको समयमा स्पष्ट खुलाई नपठाएमा तथा कानून विपरीत कार्यमा सम्लग्न कर्मचारीलाई कारवाही गरी सोको जानकारी नदिएमा सत्यतथ्य छानविन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयमा पठाइने समेत पत्रमा उल्लेख गरी कडा रूपले यस्तो कार्य हुन नदिन तथा दोहोरिन नदिन चेतावनीपूर्ण अनुरोध गरिएको तथा कतिपय संस्थालाई निर्देशन दिइएको । |
| ७. | **कोभिड १९ खोप अभियानमा न्यून सहभागितासम्बन्धी समस्यालाई सम्बोधन गर्न बैठक आयोजना ।** | २०७७/११/२५ | सर्लाही जिल्लामा कोभिड १९ विरूद्धको खोप अभियानको दोस्रो चरणमा कमजोर सहभागिता भएको जानकारी जनस्वास्थ्य कार्यालय, सर्लाहीबाट प्राप्त भएपछि सरकारको लक्ष्य अनुरूप कूल जनसंख्याको ८०% लाई खोप लगाइनुपर्ने मान्यतालाई साकार बनाउन मिति २०७७/११/२५ गते खोप अनुगमन तथा समन्वय समितिको बैठक आयोजना गरिएको । खोप अभियानमा सहभागी हुन जनस्वास्थ्य कार्यालयले टोलटोलमा माइकिङ गरी खोप बारे भ्रम हटाउन जनचेतना जगाउने; २०७७/१२/०१ र ०२ गते खोप लगाउन बाँकी रहेका सबै कार्यालयका प्रमुख तथा कर्मचारीहरूलाई खोप अभियानमा सहभागी हुन पत्राचार एवम् सूचना प्रवाह गर्ने र खोप केन्द्रमा खोप लगाउन कठिन पहुँच हुने अपाङ्गता भएका व्यक्ति/वृद्धवृद्धा र विपन्न नागरिकलाई सम्बन्धित स्थानीय तहले यातायात सुविधाको प्रबन्ध गर्ने निर्णय गरी खोप संख्यालाई वृद्धि गर्ने वातावरण सिर्जना गरिएको । |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

| क्र.सं. | उल्लेखनीय कार्यहरू | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ८. | सशस्त्र प्रहरी नं. १० गण हे. क्वा. सर्लाहीको निरीक्षण तथा सशस्त्र प्रहरी कर्मचारीको मनोबल उच्च बनाउने सम्बन्धमा । | २०७७/११/२९ | सशस्त्र जिल्ला प्रहरी कार्यालय, सर्लाहीको स्थलगत निरीक्षण गर्नु भएको । अपराध अनुसन्धान, अभिलेख व्यवस्थापन, कस्टडी, हातहतियार भण्डार, जिन्सी, विपद् सामग्री, पेरिमिट डिउटी, सरसफाई, जनशक्ति व्यवस्थापन लगायतका विषयमा निरीक्षण भएको । सबै सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीलाई निष्ठावान, व्यावसायिक, कर्मठ, सदाचारयुक्त, स्वतःस्फूर्त रूपले कार्य गर्न निर्देशन दिनु भएको । सीमा सुरक्षा, तस्करी नियन्त्रण र सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणमा विशेष जोड दिन निर्देशन भएको । श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट राष्ट्र सेवामा पूर्ण समर्पित भई कार्य गर्न, उत्कृष्टलाई पुरस्कृत र गलत गर्नेलाई दण्डको भागीदार बनाउन निर्देशन भएको । साथै, उत्कृष्ट सशस्त्र प्रहरी कर्मचारी र प्रहरी युनिटलाई अझ हौसला र मनोबल उच्च बनाउन वेष्ट पुलिस अफ द मन्थ र वेष्ट युनिट अफ द मन्थको व्यवस्था लागू गर्न निर्देशन दिनु भएको । |
| ९. | कानूनी शासन तथा सुशासन कायम गर्न गैरकानूनी तथा असामाजिक व्यवहार रोक्न जानकारी एवम् चेतावनी स्वरूप सूचना प्रकाशन गरिएको । | २०७७/११/२९ र २०७७/१२/०२ | जुवातास, मदिरा र गैरकानूनी व्यापार व्यवसाय नियन्त्रणसम्बन्धी; तालाबन्दी, धर्ना, आमरण अनशन, गालीगलौजपूर्ण नाराबाजी नियन्त्रणसम्बन्धी; लागू औषध दुर्व्यसनी, गैरकानूनी व्यापार एवम् ओसारपसार नियन्त्रणसम्बन्धी; सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी; कोभिड - १९ विरूद्धको खोपमा सहभागी हुने बारे; अवैध हातहतियार नियन्त्रण र दर्ता भएका हातहतियारको नवीकरणसम्बन्धी र बजार अनुगमनसम्बन्धी विषयमा अत्यन्त जरूरी पत्राचार गरी सभ्य, सशासनमुखी र विधिको शासनमैत्री समाजको निर्माण गर्न उच्चतम् पहल र प्रयास भएको । यसै सूचनाबमोजिम उल्लिखित गतिविधिहरूको रोकथाम र नियन्त्रणका लागि सरोकारित निकाय, प्रहरी, गैसस, नागरिक समाज र सम्बन्धित निकायहरूलाई जिम्मेवार बनाइएको । |
| १०. | जिल्लाभित्रका विभिन्न पदाधिकारी तथा संस्थाहरू सँग अन्तर्क्रिया कार्यक्रम गरी तत्तत् क्षेत्रको सुधार, विकास, समन्वय र सुशासनका लागि निर्णय गरी कार्यारम्भ गरिएको । | विभिन्न मिति | सर्वदलीय बैठक (२०७७/१२/०२), कार्यालय प्रमुख बैठक (२०७७/१२/०३), प्रमुख प्रशासकीय अधिकृत बैठक (२०७७/१२/०४), सूचना अधिकारीको बैठक (२०७७/१२/०४), नगर प्रमुख/अध्यक्ष बैठक (२०७७/१२/०६), कार्यालयको कर्मचारी बैठक (२०७७/१२/०६) र उद्योग वाणिज्य संघ बैठक (२०७७/१२/०९) । |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

| क्र.सं. | उल्लेखनीय कार्यहरू | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ११. | **इलाका प्रहरी कार्यालय बरहथवा, सर्लाहीको निरीक्षण सम्बन्धमा ।** | २०७७/१२/०७ | प्रमुख जिल्ला अधिकारीज्यूबाट इलाका प्रहरी कार्यालय, बरहथवा, सर्लाहीको स्थलगत निरीक्षण गर्नु भएको । अपराध अनुसन्धान, अभिलेख व्यवस्थापन, कस्टडी, हातहतियार भण्डार, जिन्सी, विपद् सामग्री, पेरिमिट डिउटी, सरसफाई, जनशक्ति व्यवस्थापन लगायतका विषयमा निरीक्षण भएको ।<br><br>सबै सकल दर्जाका प्रहरी कर्मचारीलाई निष्ठावान, व्यावसायिक, कर्मठ, सदाचारयुक्त, स्वतःस्फूर्त रूपले कार्य गर्न निर्देशन दिनु भएको । साथै, प्रमुख जिल्ला अधिकारीज्यूबाट राष्ट्र सेवामा पूर्ण समर्पित भई कार्य गर्न, उत्कृष्टलाई पुरस्कृत र गलत गर्नेलाई दण्डको भागीदार बनाउन निर्देशन भएको । |
| १२. | **इलाका प्रहरी कार्यालय गडहिया-डुमरिया, सर्लाहीको निरीक्षण सम्बन्धमा ।** | २०७७/१२/०७ | प्रमुख जिल्ला अधिकारीज्यूबाट इलाका प्रहरी कार्यालय, गडहिया-डुमरिया, सर्लाहीको स्थलगत निरीक्षण गर्नु भएको । अपराध अनुसन्धान, अभिलेख व्यवस्थापन, कस्टडी, हातहतियार भण्डार, जिन्सी, विपद् सामग्री, पेरिमिट डिउटी, सरसफाई, जनशक्ति व्यवस्थापन लगायतका विषयमा निरीक्षण भएको ।<br><br>सबै सकल दर्जाका प्रहरी कर्मचारीलाई निष्ठावान, व्यावसायिक, कर्मठ, सदाचारयुक्त, स्वतःस्फूर्त रूपले कार्य गर्न निर्देशन दिनु भएको । साथै, प्रमुख जिल्ला अधिकारीज्यूबाट राष्ट्र सेवामा पूर्ण समर्पित भई कार्य गर्न, उत्कृष्टलाई पुरस्कृत र गलत गर्नेलाई दण्डको भागीदार बनाउन निर्देशन भएको । |
| १३. | **हुलाकी राजमार्गको अवलोकन निरीक्षण सम्बन्धमा ।** | २०७७/१२/०७ र २०७७/१२/२२ | प्रमुख जिल्ला अधिकारीज्यू र सुरक्षा निकायका प्रमुखज्यूहरूबाट २०७७/१२/०७ गते हुलाकी राजमार्ग शितलपुर मलंगवा खरियापुरको स्थलगत निरीक्षण गरिएको ।<br><br>मिति २०७७/१२/२२ गते प्रमुख जिल्ला अधिकारीज्यूबाट हुलाकी राजमार्गको अवस्था, समस्या र प्रगतिको सम्बन्धमा बैठक आयोजना गरी १. बजेटको सुनिश्चितता, २. भेरिएसन स्वीकृति ३. ठेक्काको म्याद ४. साइट क्लियरेन्स र ५. सडक आयोजनाको प्रगति वृद्धि सम्बन्धमा निर्णय गरी |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्वा


| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १४. | मधुवनी नाका, सर्लाहीको नेपाल भारत सीमास्तम्भ निरीक्षण । | २०७७/१२/०७ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू र सुरक्षा निकायका पदाधिकारीज्यूहरूबाट मधुवनी नाकाको नेपाल भारत सीमास्तम्भ निरीक्षण भयो । विओपी पोष्टको सुरक्षाकर्मीहरूलाई सीमास्तम्भको सचेत र संवेदनशील भई निरीक्षण गर्न तथा केही समस्या परेमा तुरुन्त रिपोर्टिङ गर्न प्रमुख जिल्ला अधिकारीज्यूबाट निर्देशन भयो ।<br>मधुवनी नाकामा लिइएको नेपाल भारत सीमास्तम्भसहितको तस्वीर<br><br>नेपाल भारत सीमास्तम्भ, नेपाल ३३५/१४ नं. सीमास्तम्भको तस्वीर<br><br><br>पृष्ठभूमिमा नेपाल भारत सीमास्तम्भसहित सुरक्षा निकायको पदाधिकारीको तस्वीर<br> |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १५. | **शुसिल कुमार यादवको घाँटी रेटी हत्या गरेकोमा स्थलगत अवलोकन सहित् हत्यारा पत्ता लगाउन प्रहरी प्रमुखलाई निर्देशन दिइएको सम्बन्धमा।** | २०७७/१२/११ | मलंगवा वडा नं. १० बस्ने नागेश्वर यादवको छोरा वर्ष २५ को शुसिल कुमार यादवको २०७७/१२/११ गते राति घाँटी रेटी जीउ र टाउको १९८ फिटको दूरीमा छुट्याई हत्या भएकोमा हत्यारा पक्रन तत्काल प्रहरीलाई निर्देशन दिनु भएको र २०७७/१२/१२ गते नै हत्यारा पक्राउ परेको । हत्यारा मलंगवा न.पा. १० बस्ने वर्ष ४५ को विमलकान्त पाठक र भारतको सितामढी, मफौलियास्टेट वडा नं. १० बस्ने ४१ वर्षको अशोक झा ।<br><br>**<u>वारदातस्थलको तस्वीर</u>**<br><br>*<u>तस्वीर</u> : मृत शरीर सेतो कपडाले छोपिएको, बायाँबाट प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख (एसपि) र नेपाल प्रहरीका डि. एसपि ।*<br><br>**<u>मृतक शरीरको तस्वीर (टाउको भन्दा १९८ फिट माथि रहेको</u>**<br><br><br>**<u>मृतकको टाउकोको तस्वीर</u>**<br> |
| १६. | हिन्दू मुस्लिम जाति/समुदाय बीच चाडपर्वमा विगतमा हुने गरेको धार्मिक सांस्कृतिक विद्वेष, कलह तथा द्वन्द्वको पूर्वसचेत सम्बोधन सम्बन्धमा। | २०७७/१२/१२ | प्रमुख जिल्ला अधिकारीज्यूबाट जिसस प्रमुख, मलंगवा नगर प्रमुख, हिन्दू धर्मसम्बन्धी संघको जिल्ला अध्यक्ष र मुस्लिम धर्मसम्बन्धी संघको जिल्ला अध्यक्ष लगायतका दुवै धर्मका संघसंस्थाका जिम्मेवार पदाधिकारीलाई बैठक आयोजना गरी सहिष्णुता, सद्भाव र एकता लागि निर्णय सहित् सहमति गराउनु भएको । यसबाट सर्लाही जिल्लामा विगतमा जस्तो हिन्दू मुस्लिमबीच कुनै पनि द्वन्द्व नभई शान्तिपूर्ण रूपले होली पर्व सम्पन्न भएको । जिल्लाभित्र अन्य चाडपर्वमा शान्तिपूर्ण र सौहार्दमय हुने अपेक्षा गरिएको । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

<table>
<tr><th>क्र.सं.</th><th>उल्लेखनीय कार्य</th><th>मिति</th><th>संक्षिप्त व्यहोरा</th></tr>
<tr><td>१७.</td><td>मलंगवा भन्सार नाकामा हेल्थ डेस्कको स्थापना तथा समुद्घाटन ।</td><td>२०७७/१२/१५</td><td>प्रमुख जिल्ला अधिकारीज्यूको विशेष पहल र चासो स्वरूप जिल्ला समन्वय प्रमुख, मलंगवा नगरप्रमुख र सबै डिसिसिएमसिको पदाधिकारीको उपस्थितिमा मलंगवा भन्सार नाकामा कोभिड १९ संक्रमण रोकथामका लागि हेल्थ डेस्क स्थापना एवम् समुद्घाटन भयो । प्रमुख जिल्ला अधिकारीज्यूबाट कडा चेकजाँच तथा निगरानी गर्ने, अनिवार्य स्वास्थ्य परीक्षण तथा अभिलेखको प्रबन्ध गर्ने निर्देशन भयो ।<br><br><u>हेल्थ/हेल्प डेस्क स्थापनाको तस्वीर</u><br><br><br><br><br><u>तस्वीर</u> : बसेको लाइनमा बाँयाबाट क्रमशः स्वास्थ्य प्रमुख, अनुसन्धान प्रमुख, सशस्त्र प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी, मलंगवा नगर प्रमुख, जिल्ला समन्वय प्रमुख, प्रहरी प्रमुख, नेपाली सेनाको सेनानी ।<br><br><u>हेल्प डेस्कबाट पहिलो व्यक्तिको स्वास्थ्य परीक्षणको तस्वीर</u><br><br></td></tr>
</table>

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी




Scanned with CamScanner

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १८. | मलंगवा अस्पतालको सेवा प्रवाहको निरीक्षण | २०७७/१२/१८ | प्रमुख जिल्ला अधिकारीज्यूले मलंगवा अस्पतालको सेवा प्रवाहको सम्बन्धमा निरीक्षण गर्नु भयो । कोभिड फैलिन कर्मचारी र सेवाग्राही दुवैमा मास्क अनिवार्य गर्न निर्देशन दिनुभयो । सेवा प्रवाहमा सुशासन ल्याउन ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अशक्त, असहाय, गर्भवती व्यक्तिहरूलाई लाइनमा बस्नु नपर्ने गरी सबैभन्दा प्राथमिकतामा राखी सेवा प्रवाह गर्न निर्देशन दिनु भयो । सबै कर्मचारीलाई नैतिक, इमान्दार, जवाफेदही र व्यासायिक भई काम गर्न जोड दिनु भयो ।<br>***<u>मलंगवा अस्पताल निरीक्षणको तस्वीर</u>***<br><br><br>*<u>तस्वीर</u> : बाँयाबाट क्रमशः अस्पताल प्रमुख मे.सु. (डा.) संजीव, प्रमुख जिल्ला अधिकारी र अनुसन्धान प्रमुख ।*<br>***<u>प्रजिअबाट स्वास्थ्य परीक्षण गर्ने प्रविधिको निरीक्षण तस्वीर</u>***<br> |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी


| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १९. | बाल मन्दिर विद्यालय तथा नेपाल बाल संगठन कार्यालय एवम् कामकारवाहीको निरीक्षण । | २०७७/१२/१८ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले मलंगवास्थित बाल मन्दिर विद्यालय तथा नेपाल बाल संगठन कार्यालयको निरीक्षण गर्नु भयो । बाल मन्दिर सञ्चालनमा नियमितता, इमान्दारिता र सदाचारिता हुनुपर्ने सुझाव दिनु भयो । बाल मन्दिरको स्रोतको रूपमा रहेको सटरको भाडामा न्यायिक वृद्धि गर्ने, भाडा हुने विचौलिया प्रवृत्ति रोक्ने, खर्चको पारदर्शिता सुनिश्चित गर्ने, सरसफाई र भौतिक व्यवस्थापनमा जोड दिने, किचन र होस्टलको उचित व्यवस्थापन गर्ने तथा आगामी दिनमा नेपाल बाल संगठनको भूमिकालाई बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा केन्द्रित गर्नुपर्ने विषय निर्देशन दिनु भयो । बाल मन्दिर विद्यालय तथा नेपाल बाल संगठनले युवा नेतृत्व प्राप्त गरेको हुँदा हिजोको भन्दा अनुभूत हुने गरी नयाँ र उत्कृष्ट कार्य हुनुपर्ने विषयमा उपस्थित सबैलाई हौसला दिनु भयो ।<br>***बाल मन्दिर परिसरमा नेपाल बाल संगठन सर्लाहीका पदाधिकारीसँग निरीक्षणको क्रममा लिइएको तस्वीर***<br><br>*तस्वीर : बाँयाबाट क्रमशः २ जना बाल संगठनका पदाधिकारी, अनुसन्धान प्रमुख, प्रमुख जिल्ला अधिकारी, बाल संगठनका सभापति र अन्य ४ जना पदाधिकारी ।*<br>***प्रजिअबाट बाल मन्दिर परिसरको खानेपानी निरीक्षणको तस्वीर***<br> |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २०. | क्रसरको निरीक्षण । | २०७७/१२/१८ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको आयोजनामा बेलुकी १८: ३० बजे ढुङ्गा गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ९ बमोजिम समितिका सबै पदाधिकारीज्यूहरूको उपस्थितिमा हरिपुर नगरपालिकाअन्तर्गत रहेको क्रसर उद्योगको अनुगमन गर्नु भयो । क्रसर उद्योगको अनुगमनलाई तीव्रता दिई कानूनी दायरामा ल्याउने प्रतिबद्धता जारी गर्नु भयो ।<br><br>*<u>हरिवनमा रहेको क्रसर उद्योग निरीक्षणको क्रममा लिइएको तस्वीर</u>*<br><br>*<u>तस्वीर</u> : बाँयाबाट चौथोमा प्रमुख जिल्ला अधिकारी, पाँचौमा समन्वय प्रमुख, सातौंमा प्रहरी उपरीक्षक र आठौंमा सशस्त्र प्रहरी उपरीक्षक सहितका पदाधिकारी।*<br><br>*<u>हरिवनको क्रसर उद्योगको निरीक्षणको क्रममा लिइएको अर्को तस्वीर</u>*<br><br>*<u>तस्वीर</u> : बाँयाबाट प्रमुख जिल्ला अधिकारी, डि. वन प्रमुख, क्रसर व्यवसायी र समन्वय प्रमुख लगायतका पदाधिकारीहरू ।* |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्गवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २१. | क्रसरको निरीक्षण । | २०७७/१२/१८ | प्रमुख जिल्ला अधिकारीज्यूको आयोजनामा बेलुकी १९ः २५ बजे ढुङ्गा गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ९ बमोजिम समितिका सबै पदाधिकारीज्यूहरूको उपस्थितिमा लालबन्दी नगरपालिकाअन्तर्गत रहेको क्रसर उद्योगको अनुगमन गर्नु भयो । क्रसर उद्योगको अनुगमनलाई तीव्रता दिई कानूनी दायरामा ल्याउने प्रतिबद्धता जारी गर्नु भयो ।<br><br>***<u>लालबन्दीमा रहेको क्रसर उद्योग निरीक्षणको क्रममा लिइएको तस्वीर</u>***<br><br><br><br>*<u>तस्वीर</u> : बाँयाबाट प्रहरी उपरीक्षक, प्रमुख जिल्ला अधिकारी, समन्वय प्रमुख, सशस्त्र प्रहरी उपरीक्षक सहितका पदाधिकारी ।*<br><br>***<u>हरिवनको क्रसर उद्योगको निरीक्षणको क्रममा लिइएको अर्को तस्वीर</u>***<br><br><br><br>*<u>तस्वीर</u> : बाँयाबाट प्रहरी उपरीक्षक, प्रमुख जिल्ल अधिकारी, समन्वय प्रमुख, सशस्त्र प्रहरी उपरीक्षक सहितका पदाधिकारी ।* |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २२. | आगलागीको नियन्त्रण तथा आगलागी गर्ने व्यक्तिलाई कारवाहीको दायरामा ल्याउन निर्देशन । | २०७७/१२/१८ | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको विशेष निर्देशन एवम् सक्रिय नेतृत्वमा बेलुकी १९: २५ बजे क्रसर निरीक्षणको क्रममा बाटो जाँदै गर्दा देखिएको लाबन्दी न.पा. १७ साहेबगन्जस्थित एभरेष्ट सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका लागि वन कार्यालयका कर्मचारी, सामुदायिक वन उपभोक्ता समिति र स्थानीय जनता, नेपाल प्रहरी, सशस्त्र प्रहरी सहितको टोली परिचालन गरिएको । हरिवन नगरपालिकाबाट दमकल समेत् भिकाई पूर्ण रूपले आगो २०:४५ बजे नियन्त्रणमा आएको । डि. वन कार्यालयको प्रमुख र वन उपभोक्ता समितिका प्रमुखलाई आगो लगाउने व्यक्ति तुरुन्त पत्ता लगाई कानून बमोजिम कारवाही गर्न निर्देशन भएको ।<br>***वनमा लागेको डढेलोको तस्वीर***<br><br>***डढेलो नियन्त्रणको क्रममा लिइएको अर्को तस्वीर***<br> |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा


<table>
<tr><th>क्र.सं.</th><th>उल्लेखनीय कार्य</th><th>मिति</th><th>संक्षिप्त व्यहोरा</th></tr>
<tr><td>२३.</td><td>राष्ट्रिय जनगणनासम्बन्धी जिल्लास्तरीय सचेतना गोष्ठी ।</td><td>२०७७/१२/१९</td><td>प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा समन्वय प्रमुखको प्रमुख आतिथ्यतामा नगरप्रमुख, समन्वय उप्रमुख र गा.पा. अध्यक्षज्यूहरूको विशिष्ट आतिथ्यता तथा कार्यालयका प्रमुख, आयोजना प्रमुख, गैसस प्रमुख, नागरिक समाज अध्यक्ष, पत्राकार संघ/युनियनका अध्यक्ष लगायतका व्यक्तिहरूको आतिथ्यता एवम् उपस्थितिमा राष्ट्रिय जनगणना, २०७८ सम्बन्धी जिल्लास्तरीय सचेतना गोष्ठी सम्पन्न भयो । गोष्ठीमा सचेतनासम्बन्धी प्रस्तुतीकरण र अन्तर्क्रिया कार्यक्रम भयो । सहभागीहरूको जिज्ञासाको सम्बोधन भयो । मेरो गणना मेरो सहभागिता भन्ने राष्ट्रिय गणना, २०७८ को मूल एवम् आदर्श वाक्यलाई मनन गरी सबै पक्षको जिम्मेवारपूर्ण र सहकारितामूलक भूमिकामा राष्ट्रिय जनगणना, २०७८ लाई सफल रूपले सम्पन्न गर्न प्रमुख जिल्ला अधिकारीज्यूले अनुरोध गर्नु भयो । गणकहरूलाई जिम्मेवार भएर काम गर्नुपर्ने र सूचकका रूपमा रहने हरेक व्यक्तिले सही तथ्यांक दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।<br>
<u>सचेतना गोष्ठीको ब्यानर तस्वीर</u><br>

<br>
<u>सचेतना गोष्ठीमा सहभागी अध्यक्ष एवम् अतिथिगणको तस्वीर</u><br>
<br>
<u>तस्वीर</u> : बाँयाबाट विशिष्ट अतिथि हरिपूर्वा नगर प्रमुख, प्रमुख अतिथि समन्वय प्रमुख, अध्यक्ष प्रमुख जिल्ला अधिकारी, विशिष्ट अतिथि मलंगवा नगर प्रमुख र अतिथि प्रहरी उपरीक्षक सहितका सहभागीहरु ।</td></tr>
</table>



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २४. | इलाका प्रहरी कार्यालय, हरिपुरको निरीक्षण । | २०७७/१२/२० | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/२० गते इलाका प्रहरी कार्यालय, हरिपुरको निरीक्षण भयो ।<br>*सञ्चार शाखामा प्रजिअबाट सिसिटिभिको निरीक्षण हुँदै साथमा इन्स्पेक्टर विक्रम साह*<br><br>*मुद्दा फाँटमा अभिलेख व्यवस्थापनको निरीक्षण हुँदै गर्दाको तस्वीर*<br><br>*निरीक्षण पुस्तिकाको तस्वीर*<br><br>कार्यालयको नाम :- इलाका प्रहरी कार्यालय, हरिपुर<br>कार्यालय प्रमुखको नाम :- प्र. नि. विक्रम साह |

१५

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner


| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २५. | इलाका प्रहरी कार्यालय, हरिपुरको निरीक्षण । | २०७७/१२/२० | श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, सहायक प्रजिअ, नेपाल प्रहरीका प्रहरी उपरीक्षक तथा सशस्त्र प्रहरी उपरीक्षकबाट मिति २०७७/१२/२० गते सागरनाथ वन परियोजनामा लागेको आगलागी नियन्त्रणमा सहभागी तथा निरीक्षण भयो ।<br><br>***बाँयाबाट : एपिएफ एसपि, सप्रजिअ, प्रजिअ र एसपि, ब्याकग्राउण्डमा आगलागी***<br><br><br><br>***आगलागी नियन्त्रणमा आइसकेपछिको तस्वीर***<br><br><br><br>***सागरनाथ वन परियोजना प्रमुखलाई विशेष निर्देशन***<br><br>प्रमुख जिल्ला अधिकारीज्यूले सागरनाथ वन परियोजना प्रमुखलाई फाइर कन्ट्रोल लगायतका कुनै पनि वहानामा वन क्षेत्रमा डढेलो लाउन नहुने र लगाएमा वन ऐन, २०७९ को व्यवस्था बमोजिम कारवाही हुने निर्देशन दिनु भयो ।<br><br>नेपालको वायुमण्डल उच्च प्रदूषित भई देशभर विद्यालय बन्द गर्नुपरेको अवस्थामा डढेलोले प्रदूषण र वनको पारिस्थितिक प्रणाली समेत नष्ट गर्ने भएको हुँदा उच्च निगरानी राखी वन क्षेत्रमा डढेलो लाग्न नदिन जोड दिनु भयो ।<br><br>लापरवाही गरी आगलागी गरे/गराएमा परियोजना प्रमुख र सामुदायिक उपभोक्ता समितिसमेतलाई कारवाहीको दायरा लाई सजायको भागीदार बनाइने निर्देश गर्नुभयो । |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्गवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २६. | क्रसर उद्योग तथा नदी उत्खननको अनुगमन । | २०७७/१२/२३ र २०७७/१२/२४ | प्रमुख जिल्ला अधिकारीज्यूको विशेष चासो र आयोजनामा जिल्ला समन्वय समितिका प्रमुखज्यूको संयोजकत्वमा ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ९ बमोजिमको पदाधिकारीको उपस्थितिमा जिल्लाको विभिन्न स्थानका ८ वटा क्रसर उद्योग तथा नदी उत्खनन (फुलजोर खोला) का सम्बन्धमा अनुगमन गरी अनियमित भएका क्रसर तथा नदी उत्खननलाई रोक लगाउने प्रबन्ध गरिएको ।<br>*क्रसर उद्योग निरीक्षणको क्रममा लिइएको तस्वीर*<br><br>*फुलजोर खोलाको उत्खनन सम्बन्धी तस्वीर*<br><br>*फुलजोर खोलाको उत्खनन सम्बन्धी तस्वीर*<br><br>*फुलजोर खोलाको उत्खनन सम्बन्धी तस्वीर*<br> |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २७. | कार्यक्रम सञ्चालन पूर्व जिल्ला प्रशासन कार्यालयको स्वीकृति लिनु पर्ने सम्बन्धमा। | २०७७/१२/२५ | प्रमुख जिल्ला अधिकारीज्यूको विशेष चासो र सोचबमोजिम जिल्ला भित्रका सबै कार्यक्रमको पूर्ववत जानकारी राख्न, कोभिडमैत्री कार्यक्रम सञ्चालन गर्न, अप्रिय घटना हुन सक्ने कार्यक्रमलाई पूर्व आँकलन गरी रोक्न तथा कार्यक्रममा सुरक्षाको भरपर्दो प्रबन्ध गर्न मिति २०७७/१२/२५ बाट कार्यक्रम सञ्चालन पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था अनिवार्य लागू गरिएको ।<br><br>*कार्यक्रम सञ्चालन गर्न पूर्वस्वीकृति लिनुपर्ने सम्बन्धी सूचनाको तस्वीर*<br><br>नेपाल सरकार<br>गृह मन्त्रालय<br>**जिल्ला प्रशासन कार्यालय**<br>मलंगवा, सर्लाही<br>०४६ : [illegible]<br>प. सं. ०७७/७८ (प्र.) च. नं.<br>मितिः-२०७७/१२/२५<br><br>**जिल्ला प्रशासन कार्यालय, सर्लाहीको कार्यक्रम सञ्चालन गर्नुपूर्व स्वीकृति लिनुपर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**<br><br>जिल्लाभित्र सञ्चालित हुने सरकारी, गैरसरकारी, राजनीतिक लगायतका जुनसुकै कार्यक्रमलाई शान्ति, सुरक्षा एवम् सुव्यवस्थामैत्री रुपमा सञ्चालन गर्न, पूर्व जानकारी लिई कार्यक्रममा कुनै पनि किसिमका द्वन्द र झडपको स्थिति हुन नदिन प्रहरी परिचालन गरी सुरक्षा प्रबन्धलाई प्रबल बनाउन, अराजक र अप्रिय स्थिति हुन सक्ने कार्यक्रमहरुको पूर्व आंकलन गरी त्यस्ता कार्यक्रमहरुमा रोक लगाउन, सरोकारित पक्षहरुलाई शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने कार्यप्रति पूर्ण वफादार एवम् जवाफदेही तुल्याउन, आवश्यक समन्वय गर्न तथा जिल्लाको शान्ति, सुरक्षा र सुव्यवस्थालाई मजबुत बनाउन सबै किसिमका कार्यक्रमहरु (सरकारी/गैरसरकारी/राजनीतिक) को सञ्चालनपूर्व आयोजक संस्थाले अनिवार्य स्वीकृतिका लागि निवेदन पत्राचार कम्तिमा २ दिन अगावै अनलाइन वा भौतिक रुपमा निवेदन दिई जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट अनिवार्य स्वीकृति लिनु हुन अनुरोध छ। साथै, स्वीकृति बेगरका कार्यक्रमलाई तुरुन्त रोक लगाई कानूनबमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।<br><br>पुनश्चः- स्वीकृतिका लागि पेश गर्नुपर्ने फारम यस कार्यालयको वेभसाइट www.daosarlahi.moha.gov.np मा राखिएको र यस कार्यालयको इमेल ठेगाना dao.sarlahi@gmail.com रहेको व्यहोरा सूचित गरिन्छ।<br><br>हेमराज तामाङ<br>प्रमुख जिल्ला अधिकारी |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner




| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २८. | हुलाक टिकट बिक्री काउन्टरको स्थापना । | २०७७/१२/२५ | प्रमुख जिल्ला अधिकारीज्यूको विशेष चासो र सोचबमोजिम मिति २०७७/१२/२५ बाट जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा हुलाक टिकट बिक्री काउन्टरको व्यवस्था गरी सेवाग्राहीले हुलाक टिकटमा चर्को मूल्य तिर्नुपर्ने बाध्यतालाई अन्त्य गरिएको । जिल्ला प्रशासन कार्यालयको कोठा नं. १४ मा हुलाक टिकट बिक्री काउन्टर राखिएको ।<br><br>*हुलाक टिकट बिक्री काउन्टर स्थापनासम्बन्धी सूचनाको तस्वीर*<br><br>**जिल्ला प्रशासन कार्यालय सर्लाहीको हुलाक टिकट बिक्री काउण्टर सम्बन्धी मिति २०७७/१२/२५ गतेको जरुरी सूचना ।**<br><br>यस कार्यालयमा आउने सेवाग्राहीहरु कार्यालयको विभिन्न सेवा लिनको लागि हुलाक टिकट अनिवार्य चाहिने भएको र सेवाग्राहीले जिल्ला हुलाक कार्यालय सर्लाहीबाट हुलाक टिकट नलिई बाहिर पसल थापेर बसेकाहरु सँग बढी मुल्य तिरी टिकट लिनु पर्ने बाध्यतालाई मध्यनजर गर्दै यस कार्यालयमा मिति २०७७/१२/२५ गते बाट (कोठा नं. १४ मुल गेट छेउ) हुलाक टिकट बिक्री काउन्टरको व्यवस्था गरिएको हुँदा सोही बिक्री काउन्टरबाट हुलाक टिकट लिनुहुन सम्बन्धित सम्पूर्ण नागरिक/सेवाग्राहीहरुमा यो सूचना प्रकाशन गरिएको छ ।<br><br>मिति:- २०७७/१२/२५<br>हेमराज तामाङ<br>प्रमुख जिल्ला अधिकारी |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्गवा


| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २९. | इन्दुशंकर चिनी मिलको निरीक्षण । | २०७७/१२/२८ | संघीय संसदीय समिति तथा प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/२८ गते साँझ ५:३० बजे इन्दुशंकर चिनी मिलको निरीक्षण भयो ।<br>*निरीक्षणको क्रममा लिइएको तस्वीर*<br><br>*तस्वीरः संघीय संसदीय अनुगमन समिति र प्रजिअ लगायतका पदाधिकारीहरू ।*<br><br>*तस्वीरः प्रदूषित कालो धुँवा प्रविधिमार्फत फिल्टरिङ गरी सेतो बनाइएको चिनीमिलको चिम्नीसहितको तस्वीर ।*<br><br>*तस्वीरः प्रदूषित कालो धुँवाको फिल्टरिङ गरिएको प्रविधिको तस्वीर ।*<br><br>*तस्वीरः चिनी मिलबाट निस्कने मेटेरियलबाट बनाइएको अर्गानिक मल तयारीको तस्वीर ।*<br><br><br>*तस्वीरः चिनी मिलबाट अर्गानिक मल तयारी गर्दा दुर्गन्ध फैलिने र स्थानीयबासी दुर्गन्धको कारण पीडित भएको भनी गुनासो समेत आएको र चिनी मिलबाट दुर्गन्ध आउन नदिने औषधिको प्रयोग भएको तस्वीर ।* |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३०. | इलाका प्रहरीका कार्यालय, केशरगंजको निरीक्षण । | २०७७/१२/२९ | प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/२९ गते साँझ ७:३० बजे प्रहरी उपरीक्षकसहित इलाका प्रहरी कार्यालय, केशरगंजको निरीक्षण भयो ।<br><br>***निरीक्षण पुस्तिकाको तस्वीर***<br><br><br>इलाका प्रहरी कार्यालय, केशरगंजको निरीक्षण<br>आज मिति २०७७ साल चैत्र महिनाको २९ गते आइतबार यस इलाका प्रहरी कार्यालयको स्थलगत निरीक्षण भयो। इलाकाले लगायतका प्रहरी कर्मचारीले सन्तोषजनक रूपले कार्यसम्पादन गरेको पाइयौं। सरसफाइ, भौतिक व्यवस्थापन र पेरिमिटरको सुरक्षा प्रबन्ध सन्तोषजनक नै देखियो।<br>विशेष निर्देशन<br>१. "सत्य सेवा सुरक्षणम्" को मूल मन्त्रलाई हृदयङ्गम गरी कार्यसम्पादन गर्ने।<br>२. कोभिड लगायतका सङ्क्रमणबाट आफू जोगिई अरूलाई जोगाउने।सुरक्षित राख्ने।<br>३. चोरी, डकैती, लुटपाट, हत्या, हिंसा लगायतका विषयमा पूर्व सचेत भई कार्य गर्ने।<br>४. घटना। दुर्घटना र अपराधको सम्बन्धमा तुरुन्त Response गर्ने।<br>५. Information Collection, verification & Reporting लाई चुस्त तुल्याउने।<br>६. जुनसुकै घटना घट्न सक्छ भनी तयारी हालतमा रहने। Readiness कायम गर्ने।<br>७. जिल्ला प्रहरी प्रमुख र प्रमुख जिल्ला अधिकारीबाट भएको आदेशको तु. कार्यान्वयन गर्ने।<br>सन्तोष सिंह राठौर<br>प्रहरी उपरीक्षक<br>जि. प्र. का., सर्लाही<br>हेमराज तामाङ<br>प्रमुख जिल्ला अधिकारी<br>जिल्ला प्रशासन कार्यालय,<br>सर्लाही।<br>इति संवत् २०७७ साल चैत्र मास गते २९ रोज १ शुभम् -------। |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मलङ्गवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३१. | त्रिभुवन नगर स्थित नेपाल भारत सीमास्तम्भको निरीक्षण । | २०७७/१२/३१ | प्रमुख जिल्ला अधिकारीज्यू र सुरक्षा निकायका प्रमुखज्यूबाट मिति २०७७/१२/३१ गते त्रिभुवन नगरस्थित नेपालभारत विभिन्न ५ वटा सीमास्तम्भको निरीक्षण भयो ।<br>*<u>निरीक्षणको क्रममा लिइएको सीमास्तम्भसहितको तस्वीर</u>*<br><br>*तस्वीरः बायाँबाट क्रमशः स.प्र. उपरीक्षक, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक र उपअनुसन्धान निर्देशक।*<br><br><br><br> |



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्गवा


| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३२. | प्रहरी चौकी त्रिभुवन नगरको निरीक्षण । | २०७७/१२/३१ | प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/३१ गते ४:३० बजे त्रिभुवन नगरस्थित प्रहरी चौकी त्रिभुवननगरको निरीक्षण भयो । |

<u>*निरीक्षणको क्रममा लिइएको तस्वीर*</u>



*तस्वीरः बायाँबाट क्रमशः उपअनुसन्धान निर्देशक, स.प्र. उपरीक्षक, प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षक।*

<u>*निरीक्षणको क्रममा लिइएको निरीक्षण पुस्तिकाको तस्वीर*</u>



प्रहरी चौकी, त्रिभुवननगर, सर्लाहीको
निरीक्षण

आज मिति २०७७ साल चैत महिनाको ३१ गते मङ्गलबार दिउँसो ४:३० बजे प्रहरी चौकी, त्रिभुवननगरको निरीक्षण भयो। तेह्र जना दरबन्दी रहेपनि हाल ८ जना प्रहरी कर्मचारी हाजिर भएको र अन्य दरबन्दी रिक्त रहेको पाइयो। नयाँ भवनमा बसोबास रहेको भौतिक व्यवस्थापन एवम् पेरिमिटर सुरक्षा र सरसफाई उत्तम रहेको पाइयो। ड्युटी परिचालन सन्तोषजनक रहेको देखियो।

विशेष निर्देशन

१. 'सत्य सेवा सुरक्षणम्' लाई मूलमन्त्र मानी पूर्ण व्यावसायिक भई कार्य गर्ने;
२. बिहान दिउँसो र रात्रिकालीन समयमा [illegible] हुने गरी गस्ती परिचालन गर्ने;
३. घटना/अपराधको तुरुन्त Response गर्ने।
४. शान्ति, सुरक्षा एवम् सुव्यवस्थामा proactive भई कार्य गर्ने;
५. नाकामा तथा सीमा क्षेत्रमा हुन सक्ने आपराधिक क्रियाकलापमा उच्च निगरानी राख्ने;
६. सबै निकायसँग आवश्यक समन्वय गर्नुपर्ने गर्ने;
७. न्याय, सत्य र अधिकारका निमित्त पूर्ण निष्पक्ष भई कार्य गर्ने;
८. सरकारको उपस्थिति अनुभूति हुने गरी कार्य गर्ने;
९. सूचना संकलन, भेरिफिकेसन र Reporting चुस्त बनाउने;
१०. आदेश, निर्देशन र कानूनको पालना गर्ने अनुशासित र कर्तव्यनिष्ठ भई कार्य गर्ने र
११. रचनात्मक, सिर्जनशील भई राष्ट्रिय हित मुखरित हुने गरी कार्य गर्ने।

प्रहरी उपरीक्षक
सन्तोषसिंह राठौर
जि.प्र.का., सर्लाही।

प्रमुख जिल्ला अधिकारी
हेमराज तामाङ
जि.प्रशासन कार्यालय, सर्लाही

इति संवत २०७७ साल चैत मास ३१ गते रोज ३ शुभम् ———।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner


| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३३. | हुलाकी सडकको निरीक्षण तथा महोत्तरी र सर्लाही सीमाक्षेत्रको निरीक्षण । | २०७७/१२/३१ | प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/३१ गते संग्रामपुरस्थित हुलाकी सडक तथा महोत्तरी र सर्लाहीको सीमाक्षेत्रको निरीक्षण भयो ।<br>***निरीक्षणको क्रममा लिइएको तस्वीर***<br><br><br>*तस्वीरः बायाँबाट क्रमशः प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षक ।* |
| ३४. | संग्रामपुरस्थित नेपाल भारत सीमा स्तम्भको निरीक्षण । | २०७७/१२/३१ | प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/३१ गते संग्रामपुरस्थित नेपाल र भारत सीमास्तम्भको निरीक्षण भयो ।<br>***निरीक्षणको क्रममा लिइएको तस्वीर***<br><br>*तस्वीरः बायाँबाट क्रमशः स.प्र.ना.उ., उ.अ.नि., स.प्र.उ., प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षक ।* |

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्गवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३५. | सीमा प्रहरी चौकी संग्रामपुरको निरीक्षण । | २०७७/१२/३१ | प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/३१ गते ४:३० बजे त्रिभुवन नगरस्थित प्रहरी चौकी त्रिभुवननगरको निरीक्षण भयो ।<br>__*निरीक्षणको क्रममा लिइएको तस्वीर*__<br><br>*तस्वीरः बायाँबाट क्रमशः उपअनुसन्धान निर्देशक, प्रहरी उपरीक्षक, प्रमुख जिल्ला अधिकारी र स.प्र. उपरीक्षक।*<br>__*निरीक्षणको क्रममा लिइएको निरीक्षण पुस्तिकाको तस्वीर*__<br><br>सीमा प्रहरी चौकी संग्रामपुरको<br>निरीक्षण<br>आज मिति २०७७-१२-३१ गते सीमा प्रहरी चौकी संग्रामपुरको निरीक्षण भयो। प्रहरी कर्मचारीको कार्यसम्पादन सन्तोषजनक नै रहेको पाइयो। कार्यालयको भौतिक अवस्था भवन पुरानो कच्ची रहेको पाइयो। दरबन्दी बमोजिम कर्मचारी रहेको पाइयो।<br>विशेष निर्देशन<br>१. 'सत्य सेवा सुरक्षणम्'लाई मूल मन्त्र बनाई कार्य गर्ने।<br>२. सीमा क्षेत्रमा आपराधिक गतिविधिको उच्च निगरानी राख्ने/हुन नदिने।<br>३. अपराध/दुर्घटनामा तुरुन्त Response गर्ने।<br>४. पूर्ण व्यावसायिक भई कार्य गर्ने।<br>५. आदेश र निर्देशनको तुरुन्त कार्यान्वयन गर्ने।<br>६. गस्तीलाई परिचालन गर्ने र<br>७. रचनात्मक र अनुशासित भई कार्य गर्ने।<br>प्रहरी उपरीक्षक<br>सन्तोषसिंह राठौर<br>जि० प्र० का०, सर्लाही<br>प्रमुख जिल्ला अधिकारी<br>हेमराज तामाङ<br>जि० प्रशासन कार्यालय<br>सर्लाही।<br>इति संवत २०७७ साल चैत्र मास गते ३१ रोज ३ शुभम्--- |




हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलङ्गवा

| क्र.सं. | उल्लेखनीय कार्य | मिति | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ३६. | विओपि संग्रामपुरको निरीक्षण । | २०७७/१२/३१ | प्रमुख जिल्ला अधिकारीज्यूबाट मिति २०७७/१२/३१ गते ७:०० बजे संग्रामपुरस्थित विओपि संग्रामपुरको निरीक्षण भयो । <br><br> ***निरीक्षणको क्रममा लिइएको निरीक्षण पुस्तिकाको तस्वीर*** |



स.प्र.ब. नेपाल बि.ओ.पि. सङ्ग्रामपुर
सर्लाहीको निरीक्षण

आज मिति २०७७ साल चैत्र महिनाको ३१ गते मङ्गलबार बेलुकी ७:१० बजे निरीक्षण गरियो। दरबन्दी कुल ३५ मध्ये सबै पदका स.प्र.क. पूर्ति तथा हाजिर भएको पाइयो। पेरिमिटर सुरक्षाका लागि तारबार र कार्यालयको चारैतिर ४ वटा पोष्ट स्थापना गरियो सुरक्षा प्रबन्ध गरेको पाइयो। यस कार्यालयको मातहतमा ४ वटा F.C.B. रहेको पाइयो। कार्यालयको सरसफाइ प्रबन्ध सन्तोषजनक रहेको पाइयो।

विशेष निर्देशन

१. यस बि.ओ.पि. र मातहतका F.C.B. मार्फत सीमास्तम्भ सुरक्षाको पूर्ण सुरक्षा सुनिश्चित गर्ने;
२. सीमा नाकाबाट हुने सामान तस्करी तथा अवैध सामानको उच्च निगरानी गरी नियन्त्रण गर्ने;
३. कोरोनाको महामारी बढेको सन्दर्भमा भारतबाट सङ्क्रमण फैलने जोखिम मध्यनजर गरी निगरानी गर्ने;
४. सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिको उच्च निगरानी गरी आवश्यक कारबाही गर्ने;
५. आवश्यकता र क्षमताको वाञ्छित सन्तुलन गरी गस्ती परिचालन गर्ने।
६. विपद् व्यवस्थापनमा Proactive भई कार्य गर्ने;
७. सशस्त्र प्रहरी ऐन, २०५८; प्राप्त आदेश/निर्देशनअनुसार आवश्यक कारबाही गर्ने;
८. प्रतिवेदन प्रणालीलाई चुस्त राख्ने र
९. स्वच्छ, व्यावसायिक र कर्तव्यनिष्ठ भई कार्य गर्ने।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सर्लाही

इति संवत् २०७७ साल चैत्र मास गते ३१ रोज ३ शुभम् ------।



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner